# एभरेष्ट कलर लि.

## पहिलो बार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१।०७।०९)**

यस एभरेष्ट कलर लि.को मिति २०८१।०७।०६ गते बसेको संचालक समितिको निर्णय अनुसार पहिलो बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समयः**

**मिति** : २०८१।०८।०१ गते शनिबार

**समय** : विहान ११:०० बजे

**स्थान** : ह्वाईट प्यालेस बैंकेट, मध्यपुर ठिमी-३, भक्तपुर

**छलफलको विषय सूचि (एजेण्डा):**

**(क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/२०८१ को वासलात, नाफा र नोक्सान हिसाव, नगद प्रवाह लगायत वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. लेखापरीक्षक जे.एम.लम्साल एण्ड कम्पनीका झलकमणि लम्सालले राजिनामा दिएकोले कम्पनी ऐन, २०७६ को दफा ११३ र कम्पनी निर्देशिका, २०७२ को ६० बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट नियुक्त लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा ।

४. कम्पनी ऐन, २०७६ को दफा ११३ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्रेष्ठ एण्ड न्यौपाने एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनु हुन्छ) ।

५. कम्पनीको संचालक समितिका यसअघिका बैठकले गरेका सबै निर्णयहरु छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

६. संस्थापक सेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने ५ जना संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव**

१. प्रबन्धपत्रमा उल्लेख भए बमोजिम सर्वसाधारणका लागि छुट्याइको शेयर सर्वसाधारणमा जारी गर्ने ।

२. सर्वसाधारणलाई सेयर जारी गर्न नियामकलगायतका सबै निकायसँग अनुमति लिनेलगायत निस्कासन सम्बन्धि सम्पूर्ण कार्य गर्नका लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

३. प्रबन्धपत्रको दफा ६ अन्तर्गत संशोधन गर्ने ।

४. नियमावलीको नियम ७, २७ (१) (२) र ४१ अन्तर्गत संशोधन गर्ने ।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संसोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. संचालकहरुलाई दिने सुविधा छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**(ग). बिबिध**

**साधारणसभा सम्बन्धि थप जानकारीका लागि everestcolour.com भिजिट गर्नु होला ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन साधारणसभा हुनु ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय मध्यपुर ठिमी-३, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०८१।०७।१९. गते (एक दिन) बन्द रहनेछ ।

४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ, निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०८१।०७।३० गते अपरान्ह २:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७) नावालक शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्त रूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, मध्यपुर ठिमी-३, भक्तपुरमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

पुनश्च: कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना प्राप्त गर्न असमर्थ भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव